
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २०४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन २१ गते आइतबार ❑ 6 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## गण्डकी प्रदेश सरकारको एक सय दिनका कार्यप्रगति

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन



गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आफ्नो एक सय दिनको कार्य प्रगति सार्वजनिक गर्नु भएको छ। २०८० बैशाख १५ गते मुख्यमन्त्री पाण्डे नेतृत्वमा गठन भएको गण्डकी प्रदेश सरकारले शनिवार सय दिन पुरा गरेसंगै सय दिनको अवधीमा सरकारले गरेका काम सार्वजनिक गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा कार्यप्रगति सार्वजनिक गरिएको हो।

प्रदेशको नीति कार्यक्रम, बजेट, जनताको जनजिविका र प्रदेशको अधिकारका सवालमा केन्द्रित भएको उहाँले बताउनु भयो । मन्त्रीपरषिद्को पहिलो बैठकबाट भएको लफि्टङि खानेपानी एवं सिंचाई योजनाको विद्युत महशुलमा अनुदान दीने निर्णय अनुसार गण्डकी प्रदेशका २ सय ४० वटा लिफ्ट योजना कार्यान्वयन गर्न हालसम्म १ करोड ८८ लाख २६ हजार ८ सय ८० रुपैयाँ अनुदान वितरण गरिएको मुख्यमन्त्री पाण्डेले बताउनु भयो। चालु वर्षदेखि लिफ्ट सिंचाई र लिफ्ट खानेपानीलाई अनुदान दीन सरकारले ५ करोड बजेट विनियोजन गरेको छ।

'गण्डकीमा डायलायसिस सेवा र नागरीकको स्वास्थ्यमा टेवा' भन्ने नारा सहित झन्झट मुक्त र पालो कुर्नपर्ने अवस्थालाई शुन्यमा झार्न संक्रामक तथा सरुवा रोग अस्पताल, कास्कीमा २५ शैया क्षमताको डायलायसिस केन्द्र स्थापना तथा संचालन गरिएको मुख्यमन्त्री पाण्डेले बताउनु भयो। २२ वटा नयाँ डायलायसीस मेसनि ल्याइएको छ भने जसमध्ये स्याङ्जा, पर्वत, लमजुङ, तनहुँ र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा दुई/दुई वटा डायलायसीस मेसनिबाट सेवा सुरु गर्ने तयारी अन्तमि चरणमा पुगेको मुख्यमन्त्री पाण्डेले बताउनु भयो। प्रदेश अन्तरगतका अस्पतालको क्षमता वृद्धी गरी डायलायससि सेवा व्यवस्थति बनाइएको उहाँले बताउनु भयो। १५ वटा नयाँ मेसनि खरीद गर्ने कार्यविधि अन्तिम चरणमा रहेको मुख्यमन्त्री जनताको जनजिविकाको सबालमा केन्द्रित रहेर सरकारले स्वास्थ्य, खानेपानी, सार्वजनीक सेवा (यातायात), कृषि लगायत क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरेको उहाँको भनाई थियो। मुख्यमन्त्री पाण्डेले प्रदेशको हक अधिकार र भोग्नुपरेको समस्याका बारेमा प्रधानमन्त्री पुष्पकमल दाहालको प्रमुख आथित्यतामा २०८० असार १५ गते अन्तर प्रदेश मुख्यमन्त्री बैठक सम्पन्न गरी संघीयतालाई सवलीकरण गर्न १७ बुँदै साझा धारणा जारी गर्नु अर्को महत्वपूर्ण उपलब्धी भएको दाबी गर्नु भयो। साथै असार १६ गते प्रधानमन्त्रीको अध्यक्षतामा गण्डकी प्रदेश सरकारको ब्यवस्थापनमा पोखरामा नै राष्ट्रिय समन्वय परिषद् बैठक सम्पन भएको थियो। यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतपित्र, कास्कीमा किहान ८ बजेदेखी सेवा प्रवाह सुरु गरिएको छ भने सवारी साधन चालक अनुमती पत्रको राजस्व अनलाईन प्रणालीबाट गर्ने व्यवस्था मिलाइएको छ।

लम्पी स्किन रोगको रोकथाम तथा उपचारका लागि प्रदेश सरकारले ३३ लाख रुपैयाँको औषधी खरिद गरी जिल्ला स्थित कार्यालयमा पठाएको छ भने सरकारले एक करोड १० लाख विनियोजन गरी खोप खरिद गर्न जिल्ला स्थित कार्यालयलाई पठाएर औषधी खोप र जनशक्ति उपलब्ध गराई गण्डकी प्रदेश भित्र यो अवधीमा १ लाख ३ हजार २ सय ३० पशुमा लम्पी स्किन विरुद्धको खोप लगाइएको सरकारले दाबी गरेको छ।

प्रदेशमा रासायनिक मलको मागलाई दृष्टिगत गर्दै गण्डकी प्रदेश सरकारको पहलमा मल जापूर्ति तथा वितरण व्यवस्थापन समिति मार्फत साविकमा छुट्टाईएको कोटालाई ३ प्रतिशतबाट बढाएर ४.९प्रतिशत पुर्याइएको छ।

प्रदेश वन विधेयकको मस्यौदा तर्जुमा गरी स्वीकृतीको लागी प्रदेश सभामा पेश गर्ने चरणमा रहेको मुख्यमन्त्री पाण्डेले बताउनु भयो। सडक दुर्घटना न्यूनीकरणका लागी दुलेगौंडा कोत्रे सडक खण्ड अन्तरगत पोखरा प्रवेश गर्ने स्थानमा अत्याधुनकि सी.सीं क्यामेरा जडान गरिएको छ । गण्डकी प्रदेश प्रहरी तालीम केन्द्र र ११ वटा जिल्ला प्रहरी कार्यालयमा खाना तातो बनाई राख्ने बेन मेरी एक/एक थान गरी १२ थान हस्तान्तरण गरिएको छ। दोस्रो पञ्चवर्षीय योजना निर्माण कार्य आरम्भ गरिएको छ।

घरेलु मदीरालाई ब्राण्डीङ र बजारीकरण गर्ने, गाँजा खेतीको सम्भाव्यता अध्ययन गरी औषधीजन्य तथा उद्योगजन्य कच्चा पदार्थ उत्पादन प्रयोजनका लागी आवश्यक कानुनी व्यवस्था मिलाउने गरी परामर्श थालिएको छ । साथै यस सम्बन्धमा खोज र अनुसन्धान कार्य गरी रहेका संस्थासँग सहकार्यका लागी चरणवद्ध छलफल भईरहेको मुख्यमन्त्री पाण्डेले बताउनु भयो। गण्डकी प्रदेश भित्रका एक सय ५५ वटा संचार माध्यमलाई लोक कल्याणकारी विज्ञापन उपलब्ध गराइएको छ। गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्ने चरणमा रहेको


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## जनआन्दोलन घाइतेको लागि सेवा सुबिधा घटाईएको छैन : सिंखडा

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन



जनआन्दोलन घाइतेको लागि सेवा सुबिधा घटाईएको नघटाईएको सामाजिक बिकास तथा स्वास्थ मन्त्री सुशीला सिंखडाले दावी गरेकी छन्।

बाहिर अन्य हल्ला फैलिएको फैलिएको भन्दै जनआन्दोलन घाइतेलाई निशुल्क स्वास्थ बिमा तथा उपचार कार्यक्रम प्रदेश सरकारले निरन्तरता दिएको कारण हल्लाको पछि नलाग्न सुझाव दिइन । बाहिर जनआन्दोलन घाइतेले पाउने सेवा सुबिधा प्रदेश सरकार नदिएको हल्लाको भ्रममा नपर्न अनुरोध गरिन।

राज्यद्वारा बेपत्ता योद्धा मजदुर नेता चमनलाल बराल २१ औं खोज सभालाई सम्बोधन गर्दै जिल्ला अस्पताल र प्रदेश सरकारको अधिनमा रहेका सबै अस्पतालमा उक्त सेवा सुविधा लिन सक्ने जानकारी दिइन । 'हामी बाच्ने पनि उछुट्टिएर बाँचेको हौं। कसरी बाँचीको थाहा छैन, उनले भनिन, पार्टी हिजो जसरी विभाजन भयो अब सबै केन्द्रित हुनुपर्छ बल्ल शहिदको सपना पुरा हुन्छ।'

प्रचण्डलाई मात्र नभएर जनयुद्धमा होमिएका सबै नेताले जिम्मेवार हुनुपर्ने धारणा राख्दै जनयुद्धको नेतृत्व र कार्याकर्तासबै एकै ठाउँमा हुनुपर्ने धारण राखिन। एउटा मन्त्रीले मात्र मन्त्रालय नभइ जनताको मन्त्रालय रहेको भन्दै जनता मन्त्रालयमा योजना माग्न गए मात्र मिलेर काम गर्न सकिने बताईन। मिलेर अघि बढ्न आफू तयार रहेको जानकारी दिईन।

चमनलाल बराल (मित्र)लाई २०५९ साल साउन २० गते तत्कालीन शाही सेनाले बेपत्ता बनाएको छ। उनी अहिलेसम्म कहाँ छन् भन्ने खुलाईएको छैन।

चमनलाल बरालको छोरी संगिता बरालले राज्यको आफ्ना बाबुलाई बेपत्ता बनाएको बताईन। राज्यले चमनलाललाई लगेर के गर्यो कहाँ लग्यो अहिले कहाँ छन् त्यो परिवारले जानकारी पाउनुपर्ने बताईन । चमालाल जस्ता हजारौं अन्यमा परेको उनले सुनाईन।

## राष्ट्रिय हितलाई ध्यान दिनुपर्छ : अध्यक्ष ओली

**रासस**
काठमाडौं, २० साउन

नेकपा (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले हरेक देशले राष्ट्रिय हितको पक्षमा काम गर्दा अरुको जायज हितलाई पनि ध्यान दिनुपर्ने बताउनुभएको छ। सार्वभौम समाजमा पारस्परिक लाभ र पारस्परिक सम्मान गर्नुपर्ने उल्लेख गर्दै उहाँले यही पारस्परिक लाभ र सम्मान नहेरिकन राष्ट्रिय हितको मात्रै पक्षपोषण गरियो भने त्यो अन्यायपूर्ण हुने उल्लेख गर्नुभयो।

नेकपा (एमाले) को परराष्ट्र मामिला विभागले यहाँ शनिबारआयोजना गरेको 'वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति र नेपालको परराष्ट्र नीतिसम्बन्धी नेकपा (एमाले) को धारणा' कार्यक्रममा अध्यक्ष ओलीले निषेधको नीतिले सकारात्मक परिणाम आउन नसक्ने बताउनुभयो।

"हरेक देशको आफ्नै प्रकारको विदेश नीति हुन्छ, अवस्था कस्तो छ, स्तर कस्तो छ ? नीतिले निर्धारण गर्दछ, यी सबै पक्षलाई विचार गरेर आज हाम्रो देशको हामीले अपनाउनुपर्ने विदेशी नीति, परराष्ट्र सम्पन्न कसरी अगाडि बढाउने भन्ने कुरा विभिन्न पृष्ठभूमिमा निर्धारित हुन्छ", उहाँले भन्नुभयो । आन्तरिक र बाह्य सम्बन्धमा दृष्टिकोण बनाउन तथा नीति प्रस्तुत गर्न नेपाल स्वतन्त्र रहेको अध्यक्ष ओलीको भनाइ थियो। उहाँले भारतले दार्चुलाको लिम्पियाधुरामा महाकाली नदीलाई सिमाना नमानेर जिद्धी गरिरहेको बताउनुभयो। अध्यक्ष ओलीले भन्नुभयो, "लिम्पियाधुरा भएर बग्ने महाकाली नदीलाई नेपाल र भारतको सिमाना मान्नुपर्नेमा लिपुलेक भएर बग्ने सानो कुलोलाई सीमा भनेर अर्घेल्याइँ गरिरहेको छ, कुलो खनेर महाकाली नदीको मुहान भन्नु भारतको अर्घेल्याइँ हो । हाम्रो दाबी छाड्नु हुँदैन।" अध्यक्ष ओलीले कालापानीमा भारतले ६१ वर्षअघि कुनै सम्झौता वा कुनै जानकारी नदिइकन एकतर्फीरुपमा आफ्नो सेना ल्याएर राखेको उल्लेख गर्दै नेपाल सरकारले लिम्पियाधुरामाथि दाबी गर्न आनाकानी गर्न नहुने बताउनुभयो।


# शिक्षक आवश्यकता

श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय पोखरा-१४, कास्कीका लागि निम्न लिखित रिक्त पदमा यस विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०४/१९ गतेको निर्णय अनुसार करार सेवामा शिक्षक नियुक्त गर्न आवश्यक भएकोले योग्यता पुगेका नेपाली नागरीकले यही भदौ ३ गते अपरान्ह ४ बजे भित्र आफ्ना सम्पूर्ण शैक्षिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र सहित अन्य आवश्यक कागजातका प्रतिलिपि संलग्न गरी आफ्नै हस्ताक्षरमा दरखास्त लेखी यस विद्यालयमा बुझाउन अनुरोध छ।

| क्र.स. | पद | विषय | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | मा.वि. शिक्षक | गणित | १ | गणित विषय लिई स्नातक वा सो सरह उत्तीर्ण |

तलब सुबिधा : नेपाल सरकारको नियमानुसार।
परीक्षा दस्तुर : १५००/–
परीक्षा किसिम : लिखित, अन्तरबार्ता र कक्षा अवलोकन।
परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ।
सम्पर्क मिति : २०८० साल भदौ ४ गते।
अध्यापन अनुमति पत्र सम्बन्धमा : सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्र अनिवार्य हुनुपर्नेछ।
उमेर हद : दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।
परीक्षा दस्तुर वापतको रकम राष्ट्रिय बाणीज्य बैंकको अमरसिंह चोकको विद्यालयको नाममा रहेको खाता नं ३४८०१०००१०७१३००१ मा जम्मा गरेको सक्कल भौचर वा अनलाईन पेमेन्ट भौचर निवेदन सहित संलग्न गर्नुपर्नेछ।
(नोटः यस विद्यालयमा आवासीय रुपमा पठनपाठन गरिने भएकाले छात्रावासमा बसेर जिम्मेवारी बहन गर्नेलाई प्राथमिकता दिइनेछ।)

विस्तृत जानकारीका लागि सम्पर्कः
**सहिद स्मृति आवासीय माध्यमिक विद्यालय**
पोखरा-१४, कास्की
सम्पर्क नं. ९८४६१४७६३६ वा ९८५६०४१९९५


## उत्तराखण्डमा बेपत्ता नेपालीको खोजी गर्न कांग्रेसको माग

**रासस**
काठमाडौं, २० साउन

नेपाली कांग्रेसले भारतको उत्तराखण्डको केदारनाथ गौरीकुण्ड नजिक बेपत्ता नेपालीको खोजी गर्न सरकारसँग माग गरेको छ।

कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले शनिबार एक विज्ञप्ति जारी गरी भारतको उत्तराखण्डमा पहिरोमा परेर बेपत्ता नेपाली नागरिकको खोजी गर्न र उद्धार गरिएकाको स्वास्थ्य उपचारको व्यवस्था मिलाउन सरकारसँग माग गर्नुभएको हो। "पहिरोमा परेर नेपाली नागरिक बेपत्ता भएको खबर अत्यन्तै दुःखद छ, बेपत्ता हुने अधिकांश व्यक्ति जुम्ला पातारासी गाउँपालिकाका भन्ने बुझिन आएको छ, यस दुःखद घटनामा बेपत्ता भएका व्यक्तिको परिवारजनको पीडाप्रति नेपाली कांग्रेस गहिरो संवेदनशीलता र सहानुभूति प्रकट गर्दछ", कांग्रेसद्वारा जारी विज्ञप्तिमा भनिएको छ। कांग्रेसले उद्धार गरेका व्यक्तिलाई स्वदेश फिर्ता ल्याउनका लागि भारत सरकारसँग पहल गर्न सरकारसँग आग्रह गरेको छ। बिहीबार रातिदेखि आएको भीषण वर्षासँगै खसेको पहिरोमा नेपालका ११ जना वेपत्ता भएका छन्।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# अन्तर्क्रिया गर्दै पोखरामा मनाइयो २९ औं आदिवासी दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन

पोखरामा २९ औं विश्व आदिवासी दिवसको अवसरमा 'अबको राष्ट्रनिधि राष्ट्रिय नीति आदिवासी भूमि भाषा ज्ञान सीप संस्कृतिको पुर्नजागृती' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

लोकोत्तर लोकवादी विचार अभियान, नाङसाल तामाङ सेवा समाज, ल्हस्यो ह्याङ्ला संस्कृति समाज तथा नाङसाल मिडिया प्रालिले सँयुक्त रुपमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरी आदिवासी दिवस मनाएको हो।

अन्तरक्रिया कार्यक्रमकी प्रमुख अथिति गण्डकी प्रदेश सभा सदस्य पार्वती तामाङले शुभकामना प्रदान गर्दै विश्वभर रहेका आदिवासी तथा जनजातिहरु एक हुन




आवश्यक रहेको बताइन् । उनले नेपाल बहुभाषिक, बहुसांस्कृति तथा बहुधार्मिक देश भएकाले सम्पूर्ण समुदाय निर्णायक तहमा पहुँच स्थापना हुनुपर्ने धारणा राखिन् । प्रदेश सांसद तामाङले फरक प्रसंगमा बोल्दै पछिल्लो समय मगर, तामाङ तथा मुस्लिम समुदायमाथि अव्यवहारिक टिप्पणी दिएकी अधिवक्ता भगवती पाण्डे (शितल) लाई कारवाही गरिनुपर्ने उल्लेख गरिन् । साथै उनले सो विषय गण्डकी प्रदेशको सदनमासमेत उठाउने प्रतिवद्धता जनाएकी थिइन्।

उनले कुनैपनि जाति विशेष लान्छना लगाउने र जातिय सद्भाव भड्किने खालका अभिव्यक्ति दिन नहुने बताइन्। यस्तै नेपाल तामाङ घेदुङको पूर्व केन्द्रीय अध्यक्ष धन प्रसाद तामाङले 'अबको राष्ट्रनिधि राष्ट्रिय नीति आदिवासी भूमि भाषा ज्ञान सीप संस्कृतिको पुर्नजागृती' विषयक कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा भूमी आयोगको विज्ञ सदस्य सोम नेपाली, तामाङ घेदुङ कास्कीका अध्यक्ष भक्त तामाङ, लोक सम्पदा अनुसन्धान अभियानको अध्यक्ष याम घर्तीमगर, सामाजिक अभियन्ता तथा पहिचानवादी नेता निर्मल जिसी, तमु ह्युला छोज धि गुरुङ राष्ट्रिय परिषद्का केन्द्रीय सदस्य रुद्र बहादुर गुरुङ लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। प्रेम तामाङको सभापतित्वमा सम्पन्न कार्यक्रममा साजन तामाङले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने कार्यक्रम सञ्चालन चन्द्र ग्याबक तामाङ (मुस्कान) ले गरेका थिए।

# पाटनबेसी टोल विकास संस्थाको वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन

पाटनबेसी टोल विकास संस्थाको वार्षिक साधारण सभा सम्पन्न भएको छ।

कार्यक्रमको अध्यक्षता रबि बराल गर्नु भएको थियो भने प्रमुख अतिथि किरण बराल पोखरा महानगरपालिकाको तर्फबाट विशेष अतिथि पुर्ण लामा जनप्रतिनिधिको तर्फबाट रहनुभएको थियो । सुचित तामाङ समाजसेबिको तर्फबाट अतिथि ताराकुन्ज सेकेन्डरी स्कुलका प्रिन्सिपल रबि मोहन बराल विभिन्न टोलबिकास सस्थाको तर्फबाट उज्ज्वल टोल बिकासका अध्यक्ष गंगाधर बस्तोला विभिन्न आमा समुहको तर्फबाट टोल बिकास अर्न्तगत दुध पोखरी बहुउद्देश्यीय आमा समुहकी




अध्यक्ष पार्बतीदेबि सापकोटा संस्थाको सल्लाहकारको प्रतिनिधित्व गर्दै निबर्तमान अध्यक्ष नरेन्द्रप्रसाद अधिकारी बयोवृद्धको तर्फबाट क्या. मन बहादुर गुरुङले टोल विकास सस्थाको बारेमा र बहुउद्देश्यीय भवन बन्नुपर्छ र बनाउने प्रतिबद्धता सहिद बोल्नु भएको थियो। उक्त कार्यक्रमको स्वागत मन्तव्य वरिष्ठ उपाध्यक्ष भिम केसीले गर्नु भएको थियो भने संचालन पवित्रा आचार्य गौतमले गर्नुभएको थियो । सो अवसरमा १२ पास हुने ८ जना बाबूनानीहरु, असल कृषिक ३ जाना र बयो वृद्ध बुवाआमाहरु १२ जनालाई दोसल्ला ओडाई सम्मान गरिएको थियो।

# पोखरा मोहोरीया टोलमा वधस्थल व्यवस्थित गर्न माग

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन

पोखरा ३ नदीपुर (मोहोरीयाटोल) मा रहेको अस्थायी भैसी वधस्थल व्यबस्थित गर्न स्थानियले माग गरेका छन्। मानव स्वास्थ्यलाई नै असर पर्ने गरी बधस्थलबाट वातावरणमा दुर्गन्ध फैलिएको भन्दै स्थानियले बधशाला व्यबस्थित गर्न माग गरेका हुन्।

विगत ६ बर्ष अघि भएको सम्झौता अझै कार्यान्वयन नहुँदा अस्थायी भैसी बधस्थलले वातावरण प्रदुषित गरेकोले अस्थायी भैसी वधस्थल व्यबस्थित पर्नुपर्ने स्थानिय राजेन्द्र प्रसाद रेग्मीले बताउनु भयो । जथभावी रुपमा भैसी रागा काटमार गरी त्यसबाट उत्पन्न भएको फोहोर मैला समयमै व्यबस्थापन गर्न नसक्दा वातावरणमा दुर्गन्ध फैलिएको र सडक किनारामा समेत फोहोर मैला थुप्रिएकोले गर्दा मानव स्वास्थ्यमा प्रत्यक्ष असर पर्न थालेको उनले दाबी गर्नु भयो। बधस्थलबाट निस्केका मासु



र हड्डीका टुक्राहरु काग, गिद्ध र कुकुरले वरीपरिको वातावरणमा जथभावी रुपमा पुराउने हुँदा त्यसबाट विभिन्न किसिमका रोगहरु समेत फैलिने त्रास भएको उहाँले दाबी गर्नु भयो। तारापुन्ज स्कुल, विन्ध्यश्वरी आर्दश बोर्डिङ स्कुल, विन्ध्यवासिनी प्राकृतिक चिकित्सालय, फुटसल लगायतका सार्वजनिक स्थलमा समेत उक्त अब्यबस्थित बथ शालाले गर्दा प्रत्यक्ष असर पारेको स्थानियको गुनासो रहेको छ।

२०७४ असार ५ गते र २०७५ असार १३ गते पुनः भएको सम्झौता अनुसार हालसम्म पनि उक्त बधशाला स्थान्तरण नभएकोले गर्दा स्थानियले सास्ती खेप्नु परेको स्थानिय श्याँम थकालीले जनाउनु भयो। पोखरा महानगरपालिका, स्थानिय बासि र व्यवसायीहरु बिच त्रिपक्षिय सम्झौता भएको विगत ५ बर्ष बितिसक्दा पनि उक्त निर्णयहरु कार्यान्वयन नहुँदा पोखरामा दीन प्रतिदीन प्रदुषण बढ्दै गएको उहाँले बताउनु भयो । यसैबिच एक व्यवसायी दुर्गा बहादुर शाहीले आफुहरु महानगरमा धाउदा धाउदै बधशाला निर्माण गर्न नसकेको कारण व्यबस्थित नभएको बताउनु भयो। हाल आफुहरुले आ–आफ्नो घर घरमा भैसी रागा काटमार गर्दै आउने क्रममा विगत दुई साता देखि पोखरा महानगरको फोहोर मैलाको गाडी नआएकोले केही फोहोर हुन सक्ने बताउनु भयो । पोखरा महानगरका सरसफाई शाखा प्रमुख कल्पना बराल्ले यस बिषयमा आफुलाई खासै जानकारी नभएको बताउनु भयो । २०७५ सालमा भएको सम्झौता अनुसार मोहोरीया टोलमा भएको भैसी वधशाला अस्थायी रुपमा व्यबस्थापन गर्न सम्बन्धित सरोकारवाला र व्यवसायीको सहकार्यमा दुई महिना भित्र व्यबस्थापन गरी स्थान्तरण हुने सहमती भएको थियो। फोहोर मैलाको व्यबस्थापन व्यवसायीहरुले नै गर्नुपर्ने, स्थानियलाई प्रतिकुल असर नपर्ने गरी व्यवसाय संचालन गर्नुपर्ने, दैनिक रुपमा उचित सरसफाई गर्दै रागा भैसीहरुको स्वास्थ्य परिक्षण गर्नुपर्ने लगायतका बुँदा समेटीएको छ।

# धरम र केबी जोडीलाई मनसुन कप

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन

मनसुन कप डबल्स टेनिस प्रतियोगिताको उपाधी धरमसिंह लामिछाने र केबी तामाङ्गको जोडीले जितेको छ।

पोखरा रंगशालामा शनिबार भएको प्रतिस्पर्धात्मक फाइनल खेलमा नविन श्रेष्ठ र इन्द्र गुरुङ्गको जोडीलाई पराजित गर्दै धरम जोडीले उपाधी रक्षा गरेको हो । पहिलो सेटको खेल सुपरटाईमा ८-१० पराजित भएको धरम जोडी दोश्रो र तेश्रो सेटमा उत्कृष्ट कमब्याक गर्दै खेल आफ्नों पक्षमा पार्न सफल भए। धरम जोडीले दोश्रो सेटमा ६-० को सहज जित निकाले । तेश्रो सेटको नजिता सुपर टाईमा १०-४ ले निकाल्दै यो जोडीले खेल आफ्नों पक्षमा पारेको हो । प्रतियोगितामा राज गुरुङ्ग इनर्जेटिक खेलाडी घोषित भए। विजयी खेलाडीहरुलाई समापन



समारोहका प्रमुख अतिथि नेपाल टेनिस संघका उपाध्यक्ष विनोद कायस्थ, प्रतियोगिता संयोजक विरेन्द्र लामा, खेलाडी तथा आयोजक संस्थाका सल्लाहकार गोपी भट्टराई लगायतले पुरस्कार प्रधान गरेका थिए । समारोहमा बोल्दै प्रमुख अतिथि कायस्थले पोखरामा सञ्चालन हुने यस्तै प्रतियोगिताहरुले यहाँ उत्कृष्ट खेलाडी उत्पादनमा सहयोगी भएको बताए । चाइनामा हुने एशियाडका लागि छानिएका पोखरेली दुई खेलाडी तालिमका लागि अभिषेक बाँस्तोला स्पेनमा तथा प्रदीप खड्का बैङ्लोर गएको जानकारी दिए।

कास्की जिल्ला टेनिस संघका उपाध्यक्ष राजु गुरुङ्गको अध्यक्षमा भएको कार्यक्रम आयोजक समितिका उपाध्यक्ष नविन चालिले कार्यक्रम सञ्चालन गरेका थिए । टेनिस प्रतियोगिता व्यवस्थापन गरेका संघका सहयोगी निर्मल मगरलाई धन्यवाद ज्ञापन गरेका थिए।

# गण्डकी...

छ। निमोनिया र पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप कार्यक्रम संचालन गर्न ५ करोड बजेट विनियोजन गरी खोप खरदि प्रकृया अघि बढाइएको छ।

'सामुदायकि क्याम्पससँग प्रदेश सरकार' कार्यक्रमका लागी विनियोजन १ करोड ७५ लाख रकमलाई सरोकारवाला नकायसँग समन्वय गरी सामुदायकि क्याम्पसको शैक्षिक गुणस्तर वृद्धी गर्न ५ करोड पुर्याउने प्रकृयामा सुरु गरिएको छ।

गण्डकीप्रदेशबाट ओलम्पकिमा सहभागी खेलाडीलाई मासीक ५ हजार प्रोत्साहन दीने कार्यको प्रकृया अघि बढाइएको छ । वन रक्षक पदको करबि १३ हजार दरखास्त संकलन एवं स्वीकृत भई प्रथम चरणको प्रयोगात्मक परीक्षा सम्पन्न गरी नतजिा प्रकाशन गरिएको छ। प्रदेशमा क्रिकेट मैदान निर्माणका लागी उपयुक्त स्थानमा जग्गाको खोजी कार्य भइरहेको मुख्यमन्त्री पाण्डेले बताउनु भयो।

गण्डकी प्रदेशमा मातृ मृत्युदर घटाउन एवं सुरक्षीत सुत्केरीको लागी संस्थागत व्यवस्था गर्न सरकारले मातृशशिु सुरक्षाका कार्यक्रमहरू लागू गरेको छ। जटीलतामा रहेका गर्भवती तथा सुत्केरी महिलाहरूको हेलकोप्टर गर्ने कार्यक्रमलाई प्राथमकिताका साथ नरिन्तरता दिएको छ।

उक्त कार्यक्रम थप व्यवस्थीत रूपमा संचालन गर्न गण्डकी प्रदेश सरकारले 'जोखिममा परेका गर्भवती र सुत्केरी महिलााको हवाई उद्धार कार्यविधि, २०८०' स्वीकृत गरी लागू गरेको छ।

# खेलकुद पत्रकार मञ्च गण्डकीले स्थापना दिवस मनाउँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले पाँचौं स्थापना दिवस मनाउने भएको छ । मञ्चको शनिबार पोखरामा बसेका तिसौं कार्यसमिति बैठकले यही साउन २३ गते मंगलबार पाँचौं स्थापना दिवस मनाउने निर्णय गरेको हो।

पोखरा-२२ स्थित कालावाङ घरेडी होमस्टेमा एक कार्यक्रमका विच स्थापना दिवससंगै 'सातौं पोखरा स्पोर्टस् अवार्ड-२०८०' को पनि समिक्षा गरिने मञ्चका अध्यक्ष दीननाथ बरालले जानकारी दिए ।

मञ्चले गत बैशाख २३ गते 'पोखरा स्पोर्टस् अवार्ड २०८०' मा विभिन्न सात विधामा अवार्ड प्रदान गरेको थियो।


यसअघि २०५२ सालमा नेपाल खेलकुद पत्रकार मञ्च कास्कीका नाममा स्थापना भएको मञ्च २०५७ सालमा गण्डकी प्रदेशका नामबाट दर्ता भई स्पोर्टस् अवार्डसहित विभिन्न गतिविधि गर्दै आइरहेको छ । मञ्चमा ७४ जना सदस्य छन्।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (वृाझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# माओवादीमा प्रचण्डको उत्तराधिकारी खोजी

नेकपा माओवादी केन्द्रमा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको उत्तराधिकारी खोजी भएको छ ।३४ बर्षदेखि प्रचण्डले नेतृत्व गर्दै आएको पार्टीमा नेतृत्वको उत्तराधिकारी खोज्नुपर्ने अवस्था आउनु पार्टीलाई लोकतान्त्रिक विधिबाट नचलाउँदाको अवस्था हो । आन्दोलनको नेतृत्व गरेको नेतालाई चुनौती दिने अवस्थामा अहिले माओवादी केन्द्रमा कोही छैन । प्रचण्डको विकल्पमा मोहन वैद्य र डाक्टर बाबुराम भट्टराई छुट्टै पार्टी बनाएका छन । पार्टी महाधिवेशनमा कार्यकर्ताले नेता चुन्ने प्रणाली नबनाउँदा नेताले उत्तराधिकारी तोक्नुपर्ने अवस्था आएको हो ।

अहिले प्रचण्डको विकल्प कसैले नखोजेको भए पनि उत्तराधिकारी तयार पार्ने विधिको खोजीमा लाग्नुपर्ने प्रस्ताव माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले केन्द्रीय समितिसमक्ष राखेका छन् । उनले पार्टी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले थालेको भ्रष्टाचारविरोधी अभियानले जनतामा उत्साह पैदा गरेको गरेको दावी गरेका छन।सुन तस्करीमा संलग्न भएको आरोपमा वर्षमान पुनको पनि नाम आएपछि सकृयता बढेको छ । प्रचण्डको कुन ठाउँमा आर्थिक हैसियत बनाएका छन प्रश्नको उठेको छ ।

काठमाडौंमा जारी पार्टी केन्द्रीय समिति बैठकमा शनिबार बोल्दै पुनले भने, अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको विकल्प कसैले खोजेको छैन । उत्तराधिकारी निर्माणबारे विधिको विकास गर्नुपर्ने भएको छ । माओवादी केन्द्रमा देखिएको अहिलेको समस्या विचारको नभई विधिको भएको धारणा राखेका थिए । पार्टी संगठनमा पाका, प्रौढ र युवा नीति लागू गर्नुपर्ने प्रस्ताव पनि पुनको थियो । पार्टी पुनर्निर्माणको ऐतिहासिक सम्भावना रहेको भन्दै उनले वर्गसंघर्ष र राजनीतिक संघर्षको रूप फेरिएको बताए । यस्तो अवस्थामा सरकार प्रमुख मोर्चा भएको निष्कर्ष उनको थियो ।

बैठकमा पुनले सरकारले थालेको भ्रष्टाचारविरोधी अभियानलाई पार्टी पुनःनिर्माणको मौकाको रुपमा सदुपयोग गर्नुपर्ने बताए । भ्रष्टाचारविरुद्ध चालिएका कदम देश, समाज र पार्टीको समेत शुद्धीकरण अभियान भएको उनको भनाइ थियो ।माओवादीलाई सुशासन र पारदर्शिता नदिएसम्म जनताले विश्वास गर्न सक्दैनन् । नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्मा प्रभाकरले आफूले अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई असहयोग नगरेको प्रस्टीकरण दिएर उत्तराधिकारी चाहना राखेका छन । काठमाडौं जारी केन्द्रीय समिति बैठकमा बोल्ने क्रममा अध्यक्ष प्रचण्डलाई आफूले सहयोग गरेको तर गलत प्रचार गरेको उनको गुनासो थियो । 'अध्यक्षले चाहँदा, परिस्थितिले माग गर्दा, वैचारिक राजनैतिक निर्णय लिँदा, गठबन्धन बनाउँदा, जतिखेर पनि खटनपटनमा लागेकै छु ।

स्वतन्त्र व्यक्ति राष्ट्रपति बनाउनु हुँदैन, पार्टीबाट बनाउनुपर्छ, सभामुख र राष्ट्रपति एउटै पार्टीको बनाए थप समस्या आउँछ भनेर तैँले बाहिर बोल र वातावरण बना भनी अध्यक्षले आदेश दिँदा आफ्नो मत थाँती राखेर भए पनि त्यसको पालना गरेकै छु,' शर्माले केन्द्रीय समिति बैठकमा भने, 'परिस्थिति अदल बदल गर्नुपर्दा वा अन्य कुनै सङ्कट आइपर्दा सधैँ अध्यक्षको पक्षमा खडा भएकै छु । होला कहिलेकाहीँ आँखा जुधाएर कुरा गर्न मन लाग्छ, गरिन्छ पनि । तर त्यसैलाई असहयोग गर्यो भनेर नेतृत्वको आडमा नानाथरी बिल्ला भिराएर प्रचारबाजी गरिन्छ ।' शर्माका गुनासा हुन या पुनका दुवै उत्तराधिकारी बन्न गरेका कसरत हुन ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाब |
| कर्कट | : मन चञ्चल | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# तनहुँ जलविद्युत आयोजनाको समग्र प्रगति ३९ दशमलव ४२ प्रतिशत

**पोखरापत्र संवाददाता**
तनहुँ, २० साउन

जिल्लाको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत आयोजना निर्माणको समग्र प्रगति ३९ दशमलव ४२ प्रतिशत पुगेको छ ।

आयोजनाको प्याकेज-२ अन्तर्गत १, २ र ३ को पावरहाउस पुग्ने टनेल निर्माण सम्पन्न भइसकेको आयोजनाको भनाइ छ। आयोजनाको प्याकेज-२ अन्तर्गत ६९ वटा विद्युत टावरको जग राख्ने काम भइरहेको आयोजना प्रमुख राजाभाइ शिल्पकारले जानकारी दिनुभयो । कुल ३४ दशमलव सात किलोमिटर प्रसारण लाइनमा ९४ वटा टावर राखिने छ । हालसम्म करिब एक किलोमिटर प्रसारण लाइन जडान गरिएको उहाँको भनाइ छ। प्रसारण लाइन निर्माण सन् २०२२ मेसम्म सम्पन्न गर्ने लक्ष्य लिइए पनि वन क्षेत्रमा रुख कटानको स्वीकृति वन मन्त्रालयबाट प्राप्त हुन ढिलाइ भएका कारण सन् २०२४ डिसेम्बर १९ सम्म थप गरिएको छ । आयोजनाको प्याकेज-२ अन्तर्गत सुरुङ, विद्युत्गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायतका कामको जिम्मेवारी सिनो हाइड्रोपावर लिमिटेडले पाएको छ। कम्पनीसँग विसं २०७५ असोज १५ गते रु तीन अर्ब ८३ करोड १३ लाख ६० हजार तीन सय ६१ मा खरिद सम्झौता गरेको थियो ।

आयोजनाका अनसार पावर हाउसतर्फ करिब एक हजार ५६ मिटर लामो सुरुङ खन्ने काम सम्पन्न भएको छ । कुल एक हजार चार सय ५६ मिटर मुख्य सुरुङमध्ये अब करिब चार सय मिटर सुरुङ खन्न छ ।

आयोजनाको प्याकेज-१ अन्तर्गत डयाम बनाउनका लागि भीर कटान भइरहेको छ । उक्त प्याकेजको ठेक्का सोङ दा-कालिका जेभीले विसं २०७७ चैत ९ गते रु २१ अर्ब ६६ करोड ४० लाख ४१ हजार आठ सय ७८ मा खरिद सम्झौता गरेको थियो ।

# कलाकार कृष्ण गुरुङलाई यु.के.बाट आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन



गुरुङ समुदायको अग्रज कलाकार कृष्ण गुरुङलाई आज यु.के.बाट थप आर्थिक सहयोग पाप्त भएको छ ।

उहाँको स्वास्थ्योपचारको लागि तमू कलाकार साँस्कृतिक मञ्च यु.के.को पहल र रिडिङ तमू समाज यु.के.का अध्यक्ष रुद्रराज गुरुङको अग्रसरतामा समाजका सदस्यहरुद्धारा संकलन गरिएको रु.१ लाख ४० हजार ९ सय २४ रुपैयाँ आज उहाँको निवासमै पुगेर प्रदान गरिएको हो ।

तमू कलाकार साँस्कृतिक मञ्च यु.के.का पूर्व अध्यक्ष एवम रिडिङ तमू समाजका सल्लाहकार चन्द्रबहादुर गुरुङको विषेश उपस्थितीमा गुरुङ फिल्म एशोसियशन नेपाल (जिफान) का अध्यक्ष गुञ्जबहादुर गुरुङ, तमू चलचित्रकर्मी कृष्णकुमार गुरुङ र सोम गुरुङको समेत सहभागितामा सो रकम हस्तान्तरण गरिएको हो । आफनो जीवनको युवा अवस्थादेखि नै गुरुङ तथा लोक गीत संगीतको सृजना, गायन र संगीतमा विषेश योगदान पुरयाउँदै आउनु भएका कृष्ण गुरुङलाई केही समय अघि आमाशयको नलीमा टिमुर पलाएपछि दिल्लीको मेदान्त हस्पिटलमा शल्यक्रिया गरेर नेपाल फर्किनु भएको थियो । यस अघि पनि तमू कलाकार साँस्कृतिक मञ्च यु.के.का अध्यक्ष पदम गुरुङको पहलमा बेलायतमा रहेको तमू समाज यु.के., नादा समाज यु.के., तमू धीं यु.के., क्रोम्छें त्होर्जे थिम्जे तमू समाज यु.के. लगायत १ सय ३४ जना सहयोगदाताहरुबाट संकलन गरिएको रु.१७ साल २९ हजार ४० रुपैंयाँ मञ्चकै पूर्व अध्यक्ष चन्द्रबहादुर गुरुङको उपस्थितीमा कलाकार गुरुङलाई हस्तान्तरण गरिएको थियो । लमजुङको सुन्दर बजार नगरपालिका वडा नं. ४ दुराडाँडा जामुने सिम्लेमा आमा सेती गुरुङ र बाबा धनबहादुर गुरुङको कोखबाट जन्मनु भएका कलाकार कृष्ण गुरुङले वि.सं. २०३९ सालमा रेडियो नेपालमा 'हो ङदे स्योंर म्येंसी' बोलको तमू भाषाको गीत रेकर्ड गरेर औपचारिक गायनको यात्रा शुरु गर्नुभएको थियो । वि.सं. २०४५ सालमा उहाँले 'माया आस्येद ओ' नामक तमू भाषाको गीति एल्बम बजारमा ल्याउनु भएको थियो । उहाँद्धारा रचना गरिएको रामन्हानी डोल्स्यो, गाउँ शहरमा लमजुङ दरबार लगायतका गीतहरु आज पनि उत्तिकै लोकप्रिय रहेका छन् । यसका साथै उहाँ कुशल बाँसुरी बाधक एवम् संगीतकार समेत हुनुहुन्छ । उहाँले थुप्रै गुरुङ चलचित्रका गीतहरुमा संगीत भर्नुभएको छ ।

# ताल बाराही मा.वि. भू.पू विद्यार्थी एसोसियशनको साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन




पोखरा माहानगर पालिका वडा ६ बैदाममा अवस्थित श्री ताल बाराही माध्यमिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीहरूको साझा संस्था भूतपूर्व विद्यार्थी एसोसियशनको पहिलो साधारणसभा शनिबार सम्पन्न भएको छ ।

विद्यालयको भौतिक संरचना विकासको कुरालाई मध्यनजर गर्दै हालसालै संचालित होटल मेनेजमेन्ट शंकायका लागि आवश्यक परेको प्राक्टिकल ल्याव बनाउनका लागि भु पू विद्यार्थीबाट संकलित रकम रु २ लाखको चेक एसोशियशनका अध्यक्ष नारायण पहारीले ब्यवास्थापन समितिका अध्यक्ष कृष्ण प्रसाद न्यौपाने लाई एक कार्यक्रमका विच हस्तारक्षण गरिएको थियो । हाल विद्यालयमा करिब.१ हजार विद्यार्थिहरु अध्ययरत गरिरहेका छन ।

साधारण सभाको उद्घाटन गर्दै प्रमुख अतिथि तथा विद्यालयका पूर्व विधार्थि एवंम गण्डकी प्रदेश माननिय देवका पहारीले २०१४ सालमा स्थापना भएको ताल बाराही मा.वि को समग्र शैक्षिक क्षेत्रको विकासमा योगदान धैरै लामो र निरन्तर रहेको बताएकी छन । गुणस्तरीय शिक्षाका लागि एसोसियशनको भुमिका अव्वल रहने उल्लेख गर्दै पोखराकै पुरानो विद्यालयको रुपमा रहेको विद्यालयले शिक्षा क्षेत्रमा उल्लेखनिय रूपमा फड्को मारि गौरवमय ईतिहास कायम गरेको वताइन । राज्यबाट जति पाउनु पर्ने साथ सहयोग विद्यालयले नपाएकोमा गुनासो गर्दै, आफुले विद्यालयको शैक्षिक गुणस्तर विकास र भौतिक पुर्वाधारका लागि सधै आवाज उठाउने प्रतिबद्धता ब्यक्त गरिन । उनले आफ्नो तर्फबाट समेत विद्यालयको शैक्षिक, भौतिक बृद्धि विकासका लागि सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेकी छन ।

भु.पू बिधार्थि एसोशियशनका संस्थापक अध्यक्ष तथा पूर्व गण्डकी प्रदेश सासंद राजिब पहारीले आफुले अध्ययन गर्दा बिद्यालयमा विताएका दिनह्रको स्मंमरण गर्दै विद्यालयमा अध्ययन गरेको विद्यार्थिहरु विच भाइचारा बृद्धि गर्ने, सवैलाई एउटै छातामुनि आवद्ध गर्ने र अध्ययन गरेको विद्यालयको गरिमालाई उच्च राखी हरेक तवर बाट सहयोग गर्ने उद्देश्य राखी एसोसियशन स्थापना गरीएको बताए । ताल बाराही माध्यमिक विद्यालयका ब्यवस्थापन समितिका अध्यक्ष कृष्ण प्रसाद न्यौपानेले नेपाल सरकारबाट प्राप्त आर्थिक सहयोगले मात्र विद्यालय संचालन गर्ने कठिनाई हुने गरेको गुनासो गरे । ताल बाराही माविले शैक्षिक एव भौतिक रुपमा गरिएको प्रगतिले विद्यार्थीको आकर्षणको केन्द्र बन्दै गएको ठोकुवा गरे । उनले विद्यालय शैक्षिक गुणस्तर वृद्धिका लागि सवैको साथ सहयोग आवश्यक रहेको बताए ।

प्राचार्य तारा प्रसाद पोखरेलले विद्यालयको योजना अनुरुप ताल बाराही माविले शैक्षिक भौतिक प्रगति गरिरहेको बताए । पोखरेलले विद्यालयले ब्यवस्थापन र शिक्षा संकायको पठाइ भइरहेका जानकारी दिदै यसै शैक्षिक सत्र देखी होटल मेनेजमेन्टको अध्यापन सुरु गरिएको सुनाए । पोखरा महानग पालिका वडा नं ६का अध्यक्ष विष्णु बहादुर भट्टराईले स्थानिय सरकारबाट हुने बजेट विनियोजनमा आफुले आवाज उठाउदै आएको र आफ्नो तर्फबाट समेत विद्यालयको शैक्षिक, भौतिक बृद्धि विकासका लागि सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेका छन । सभाअध्यक्ष नारायण पहारीले देश भित्र र देश बाहिर छरिएर रहेका विद्यार्थीहरुलाई एकिकृत गर्नुको साथै परिचय र सहकार्यको माध्यम बाट विद्यालयको शैक्षिक विकासलाई सामाजिक उत्तरदायित्व सम्झेर उदेश्य प्राप्ती प्रति कटिबद्ध रहने कुरामा जोड दिए । एसोसियशनले मेघा अक्षयकोषको स्थापना गरि प्रत्येक बर्ष १ सय विधार्थिहरुलाई छात्रवृद्धि प्रदान गर्ने योजना रहको अध्यक्ष पहारीले बताए । कार्यक्रमको संचालन सदस्य गणेशराज पहारीले गरेका थिए ।

# ७८औँ हिरोसिमा-नागासाकी स्मृति दिवस मनाइयो

**रासस**
काठमाडौं, २० साउन

जापानको हिरोसिमा र नागासाकीमा अमेरिकाले पारमाणविक बम प्रहार गर्दा भएको नरसंहारको ७८ औँ स्मृति दिवस मनाइएको छ ।

अफ्रो-एशियाली जनएकता सङ्गठन (आपसो) नेपालको आयोजनामा शनिबार दोस्रो विश्वयुद्धका क्रममा अमेरिकाले जापानको हिरोसिमा र नागासाकीमा बम प्रहार गर्दा भएको त्रासदीपूर्ण घटनाको स्मरण गरिएको हो ।

कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति एवं पूर्वमन्त्री डोलप्रसाद (डिपी) अर्यालले विश्वलाई युद्धको आवश्यकता नभएकाले अब विचारको युद्ध अगाडि बढाउनुपर्ने बताउनुभयो । "बुद्ध जन्मभूमिका हामीनेपालीले विश्वलाई शान्तिको सन्देश दिनुपर्छ", उहाँले भन्नुभयो । सांसद अर्यालले संसारका अरु देश कसरी विकास भइरहेका छन् त्यसबाट नेपालले पाठ सिक्नुपर्ने उल्लेख गर्नुभयो । उहाँले नेपाल र जापानबीचको सम्बन्ध प्रगाढ भएकाले यसलाई निरन्तररूपमा अगाडि बढाउनुपर्ने धारणा राख्नुभयो । त्रिभुवन विश्वविद्यालय रसायनशास्त्र केन्द्रीय विभागका प्राडा मोतीलाल शर्मा भुसालले विश्वका धैरै देशबीच आणविक हातहतियार बनाउने होडबाजी चलेको भन्दै यसले विश्वलाई फाइदा नगर्ने बताउनुभयो । रुस र युक्रेनबीचको पछिल्लो युद्धले विश्वमा समस्या हुँदै गएको उहाँको भनाइ थियो । प्राडा भुसालले भारतको हिमाञ्चल प्रदेश, पाकिस्तानको बलुचिस्तान र चीनको तिब्बतमा आणविक केन्द्रहरू रहेकाले त्यसको पाँच सय वर्गकिलोमिटर क्षेत्रभित्र नेपाल रहेकाले हामी आणविक हतियारको बारेमा गम्भीर हुनुपर्ने बताउनुभयो । संस्थाका सहअध्यक्ष प्राडा प्रदीपकुमार खड्काले हतियार र परमाणु बमले मानव सभ्यतामाथि नै चुनौती थपिँदै गएको बताउनुभयो । कार्यक्रममा संस्थाका उपाध्यक्ष प्राडा श्रीधर गौतम, महासचिव प्राडा गोपाल पोखरेल 'विवश', डा सविता श्रेष्ठलगायतले हिरोसिमा र नागासाकी आक्रमण मानव सभ्यताको कालो दिन भएको बताउनुभएको थियो ।

# शालग्राम संग्रहालयमा औषधालय स्थापना

**पोखरापत्र संवाददाता**
बागलुङ, २० साउन

लोपोन्मुख शालग्राम शिलाको संरक्षण गर्दै आएको बागलुङ नगरपालिका-४ कुडुँले फेदीमा रहेको श्रीधराचार्य शालग्राम सङ्ग्रहालयमा औषधालय स्थापना गरिएको छ ।

सङ्ग्रहालयले स्थापना गरेको औषधालयको शनिबार एक कार्यक्रमका बीच नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले उद्घाटन गर्नुभयो ।

अध्यक्ष ढकालले नेपालमा आफ्नो धर्म, संस्कृति र परम्पराको संरक्षणका लागि पञ्चकोट एवं श्रीधराचार्य शालग्राम सङ्ग्रहालयमा निर्माण गरिएको संरचनाको प्रशंसा गर्दै यिनै संरचनालाई संरक्षण र संवर्द्धन गरी आफ्ना सन्ततिसमक्ष पुर्याउन सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्नुपर्ने बताउनुभयो । मुक्तिनाथ पिठाधिश्वर कमलयनयन आचार्यको कल्पनामा तयार भएको सर्वसिद्धिधाम पञ्चकोटको संरचना निर्माणका लागि आर्थिक सहयोग गर्नुभएका अध्यक्ष ढकालले आफ्नो जन्मस्थल, परम्परा, संस्कृति र वैधिक सनातन धर्मको संरक्षण एवं संवर्द्धनमा लागिरहने बताउनुभयो ।

श्रीधराचार्य शालग्राम सङ्ग्रहालय पछिल्लो समय पञ्चकोट, गलेश्वर तथा मुक्तिनाथ जाने हिन्दू धर्मावलम्बीको सङ्गमस्थलका रूपमा विकास भइरहेको छ । मुक्तिनाथ वेदविद्याश्रामसमेत सञ्चालनमा रहेको सोही स्थानमा स्थानीयलाई स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले औषधालय स्थापना गरिएको स्वामी कमलनयन आचार्यले बताउनभुयो । श्रीधराचार्य शालग्राम सङ्ग्रहालयका अध्यक्ष ऋषि प्रपन्नचार्यले कोरोनाकालमा औषधोउपचार अभाव भएपछि कल्पना गरिएको औषधालय स्थापना आज पूरा भएको बताउनुभयो । 'कोरोनाकालमा बजार प्रवेश निषेध थियो, गाउँमा सबै बिरामी भएपछि यहाँ एउटा स्वास्थ्योपचार गर्ने स्थान आवश्यक छ भन्ने लाग्यो', प्रपनाचार्यले भन्नुभयो, 'कमलनयन गुरुको अनुरोध र सबैको सहयोगमा स्वास्थ्यचौकीमा उपलब्ध सेवा यहाँबाट प्रदान गर्न थालेका छौँ ।' मन्दिरमा आएको भेटी, शालग्राम सङ्ग्रहालय दर्शन गर्न आएका दर्शनार्थीले गरेको सहयोगबाट औषधालय सञ्चालनमा ल्याइएको छ । मुक्तिनाथ पिठाधिस्वर कमलनयन आचार्यले पञ्चकोट, शालग्राम सङ्ग्रहालय, गलेश्वर र मुक्तिनाथलाई धार्मिक पर्यटकीयस्थलका रूपमा विश्वमै चिनाउने अभियानमा आफू लागेको बताउँदै औषधालयलाई अस्पतालका रूपमा विकास गर्ने परिकल्पना गरेको बताउनुभयो ।

कार्यक्रममा मुक्तिनाथ वेदविद्याश्रममा योगदान गर्नुभएका पुरुषोत्तम आचार्यलाई अभिनन्दन गरिएको थियो । महासङ्घका अध्यक्ष ढकालले भूमिगतरूपमा निर्माण गरिएको शालग्राम सङ्ग्रहालयको निरीक्षण गरी त्यहाँ राखिएको गण्डक क्षेत्रको धार्मिक अवस्थासमेत समेटिएको भूमिगत सङ्ग्रहालयको अवलोकन गर्नुभएको थियो ।

विश्वकै एकमात्रै कालीगण्डकी नदीमा पाइने शालग्राम सङ्ग्रहालय लोप हुँदै गएपछि विसं २०७६ मा श्रीधराचार्यको सङ्ग्रहालय निर्माण गरेर सवा लाख शालग्राम राखिएको छ । श्रीधराचार्यको ८४औँ जन्मजयन्तीका अवसरमा उहाँकै नाममा औषधालय स्थापना गरिएको हो ।

# तनहुँमा २९ करोडको सुन्तला उत्पादन

**रासस**
दमौली, २० साउन (रासस)

तनहुँमा एक वर्षको अवधिमा रु २९ करोडको सुन्तला उत्पादन भएको छ । जिल्लामा उत्पादित अधिकांश सुन्तला जिल्ला बाहिर निर्यात भएको छ ।

आर्थिक वर्ष २०७९/८० मा जिल्लामा नौ हजार छ सय ४५ मेट्रिक टन सुन्तला उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । उक्त सुन्तला बिक्री गरेर कृषकले रु २९ करोड आम्दानी गरेको ज्ञान केन्द्रका प्रमुख कुलप्रसाद तिवारीले जानकारी दिनुभयो । उक्त आवमा एक हजार छ सय दश हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरिएको थियो । आव २०७८/७९ मा नौ हजार पाँच सय दश मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । त्यस वर्ष एक हजार चार सय ८० हेक्टरमा सुन्तला खेती गरिएको थियो । त्यस्तै आव २०७७/७८ मा रु २६ करोड ५० लाख बराबरको सुन्तला उत्पादन भएको थियो । त्यसवर्ष एक हजार चार सय ६० हेक्टर क्षेत्रफलबाट नौ हजार तीन सय १० मेट्रिक टन सुन्तला उत्पादन भएको कार्यालयको तथ्याङ्क छ । तिवारीले भन्नुभयो, "प्रत्येक वर्ष जिल्लामा सुन्तला उत्पादन बढेको छ । सुन्तला खेतीबाट मनग्य आम्दानी हुन थालेपछि कृषक यसतर्फ आकर्षित हुँदै गएका छन् ।" जिल्लाका आठ हजार पाँच सय ७० हेक्टर क्षेत्रफलमा सुन्तला खेती विस्तारको सम्भावना रहेको छ । कार्यालयले सुन्तला खेती कृषकलाई बगैँचा व्यवस्थापनमा सहयोग गर्दै आएको छ । उहाँले भन्नुभयो, "कृषकलाई सुन्तला बगैँचामै पुगेर पनि आवश्यक परामर्श दिइरहेका छौँ ।"

तिवारीका अनुसार देवघाट गाउँपालिका-२ र ३, आँबुखैरेनी गाउँपालिका-५, म्याग्दे गाउँपालिका-४, व्यास नगरपालिका-७, १३ र १४, भिमाद नगरपालिका-८ र ९, बन्दीपुर गाउँपालिका-३, ऋषिङ गाउँपालिका-३ र घिरिङ गाउँपालिकामा सुन्तला खेती विस्तारको सम्भावना छ । तनहुँमा उत्पादित अधिकांश सुन्तला काठमाडौँका व्यापारीले लैजाने गरेका छन् । सुन्तला खरिदका लागि व्यापारी बगैँचासम्म पुग्ने गरेका छन् । काठमाडौँका अलवा पोखरा, नारायणगढलगायतका ठाउँमा यहाँको सुन्तला बिक्री हुने गरेको छ । यसका साथै जिल्लाकै दमौली, दुलेगौडा, खैरेनीटार, भिमादलगायतका ठाउँमा समेत यहाँको सुन्तला बिक्री हुने गरेको किसान बताउँछन् । ज्ञान केन्द्रले चालु आव २०८०/८१ मा सुन्तला खेतीमा सहयोग गर्न रु एक करोड बजेट विनियोजन गरेको छ । कार्यालयले कृषकलाई बगैँचा व्यवस्थापनका लागि उक्त रकम सहयोग गर्ने जनाएको छ । केन्द्र प्रमुख तिवारीले भन्नुभयो, "भानु नगरपालिकाको रुपाकोटबाहेक सबै पालिकामा सुन्तला उत्पादन राम्रो भएको छ ।" जिल्लाका स्थानीय तहले पनि सुन्तला खेती गर्ने कृषकलाई सहयोग गर्दै आएको छ । बन्दीपुर गाउँपालिकाले सुन्तला खेतीलाई प्राथमिकता दिएर कार्यक्रम सञ्चालन गरेपछि यहाँ सुन्तला उत्पादनमा वृद्धि भएको छ । कुनै समयमा बन्दीपुरमा सुन्तला उत्पादन अत्यधिक हुने गर्दथ्यो । केही वर्षअघि सुन्तलामा लाग्ने भाइरसका कारण बिरुवा मर्दै जान थालेपछि सुन्तला उत्पादनमा ह्रास आएको थियो । केही वर्षयता पुनः बन्दीपुरमा सुन्तला उत्पादनमा वृद्धि हुन थालेको छ । केही वर्षयता गाउँपालिकालगायतका विभिन्न निकायबाट सुन्तला पकेट क्षेत्र घोषणा गरी विभिन्न कार्यक्रममार्फत उक्त भाइरसको निदान गरी सुन्तला जोगाउन थालिएको छ । बन्दीपुर-३ स्थित रामकोट, तामुङडाँडा, वडा नम्बर ५ को झारगाउँ, फलामडाँडा र वडा नम्बर ६ को काफलस्वाँरा, लखनबारी, घमलछाप, आँङटारीलगायत ठाउँ सुन्तला खेतीको पकेट क्षेत्र हुन् । बर्सेनि व्यावसायिकरूपमा उत्पादन हुँदै आएको सुन्तला गत वर्षभन्दा २५ प्रतिशतले वृद्धि भएको छ । यस वर्ष बन्दीपुरमा मात्रै एक सय ५० मेट्रिक टन सुन्तला उत्पादन भएको छ । काफलस्वाँरा कृषक समूहबाट मात्रै करिब छ सय क्विन्टल सुन्तला उत्पादन भएको समूहका अध्यक्ष धनराज गुरुङले जानकारी दिनुभयो ।

बन्दीपुर मध्यपहाडी क्षेत्रमा पर्ने हुँदा यो क्षेत्र सुन्तला उत्पादनका लागि उत्तम ठाउँ मानिएको छ । यहाँको हावापानी र माटो सुन्तला खेतीका लागि उपयुक्त रहेको गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, "केही वर्ष पहिले बोटमा किरा लाग्यो, उपचार पाएनन् त्यसले गर्दा उत्पादनमा कमी आयो, तर अहिले त्यो समस्या छैन, मौसमले पनि साथ दियो ।" उहाँका अनुसार अघिल्लो वर्षको तुलनामा यस वर्ष २५ प्रतिशतले बढी उत्पादन भएको छ ।

# स्याङ्जामा सडक दुर्घट्नामा १९ घाइते

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २० साउन

सवारी दुर्घट्ना स्याङ्जामा बढ्न थालेको छ । ट्राफिक प्रहरीले दुर्घट्ना न्युनिकरण अभियान सञ्चालन गरेकै बेला स्याङ्जामा दैनिकजसो सडक दुर्घट्ना बढ्न थालेको हो ।

एकसातामा सडक दुर्घट्नामा १९ जना घाइते भएका छन् । सिद्धार्थ राजमार्ग र भित्री सडकमा सवारी दुर्घट्ना भएका थिए । शुक्रवार मात्रै सडक दुर्घट्नामा १२ जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय स्याङ्जाले दिएको जानकारी अनुसार भीरकोट ६ कार्कीडाँमा जिप दुर्घट्ना हुँदा १२ जना घाइते भएका छन् । बयरघारीबाट तिसेदी तर्फ जादै गरेको ग २ च ७३७५ नम्वरको जिप दुर्घट्ना हुँदा जिपमा सवार चालक सहित १२ जना घाइते भएका थिए ।

भित्री सडकखण्डमा भएको दुर्घट्नामा परी घाइते भएका सबैको कालीका सामुदायीक अस्पताल हेलुमा सामान्य उपचारपछि अधिकांश घाइतेलाई पोखरा रिफर गरिएको प्रहरीले जनाएको छ । उकालोबाटोमा जिप ब्याक हुन गई दुर्घट्ना भएको प्रहरीले जनाएको छ । यस बारे थप अनुसन्धान भइरहेको बताइएको छ । ग्रामिण सडक र क्षमता भन्दा बढी यात्रु बोकेर हिडेकाले जिप दुर्घट्ना भएको प्रारम्भीक अनुमान प्रहरीको छ । जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रवक्ता प्रहरी नायव उपरिक्षक रविन्द्र खनालका अनुसार घाइते हुने सबै स्थानीय रहेका छन् ।

जिप दुर्घट्नामा भीरकोट ९ का २७ बर्षिय सन्तोषी रेग्मी र उनको ६ बिर्षय छोरा अन्मोल रेग्मी, सोही ठाउँका ३० बर्षिय गंगाराम रग्मी, ६० बर्षिय दिलबहादुर रोका, ७१ बर्षिय बमबहादुर रोका, ४८ बर्षिय लक्ष्मी बराल, ५१ बर्षिय सोमबहादुर गोदार, ६५ बर्षिय बाटुली सारु मगर, ७ बर्षिय जोनिस रोका, भीरकोट ६ बस्ने बर्ष २३ की अनु पुन मगर, बर्षका ४ का प्रतिक्षा परीयार र बर्ष २ का प्रतिष परीयार रहेका छन् । सबैको हात, खुट्टा, टाउको र पिठ्युमा चोट लागेको प्रहरीले जनाएको छ ।

यसै विच सिद्धार्थ राजमार्ग अन्तर्गत स्याङजाको वालिङ मालुङ्गा सडक खण्डमा कार दुर्घटना हुँदा तीन जना घाईते भएका छन् । बुटवलबाट पोखरा जाँदै गरेको ग २ च २१७४ नम्बरको कार सिद्धार्थ राजमार्गबाट करिब तीन सय मिटर तल खसेको छ । दुर्घटनामा परी पोखरा महानगरपालिका ११ कास्कीका कार चालक ४३ बर्षका सुमन गुरुङ, पोखरा महानगरपालिका ३० बस्ने २८ बर्षिया उत्तम भण्डारी र पोखरा महानगरपालिका ५ बस्ने ३५ बर्षका सन्दिप थकाली घाईते भएको प्रहरीले जनाएको छ । उनीहरुको टाउको, कायाँ पिठ्युमा चोट लागेको बताइएको छ ।

घाईते तीनै जनालाई गल्याङ नगर अस्पतालमा प्राथमिक उपचार गरी थप उपचारका लागि मनिपाल शिक्षण अस्पताल पोखरा पठाइएको छ । कार आफै अनियन्त्रित भएर दुर्घट्ना भएको जनाइएको छ । वालिङ गल्याङमा सडकखण्डमा दुई मोटरसाइकल एक आपसमा ठोकिँदा चार जना घाइते भएका छन् । सिद्धार्थ राजमार्ग अन्तर्गत गल्याङ नगरपालिका वडा नं. ८ चिउरीमा वालिङबाट गल्याङ तर्फ जाँदै गरेको म.प्र.०३-०२९ प. २८८३ नं. को मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको लु १४ प ५३८७ नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किएका थिए ।

दुर्घटनामा परी गल्याङ ११ का ३७ वर्षीय पदम सिंजाली, कास्कीको माछापुच्छ्रे गाउँपालिका ७ का २६ वर्षीय सन्देश गुरुङ, वालिङ ९ का २६ वर्षीय विशाल हिताङ्, पर्साको वीरगन्ज महानगरपालिका २ घण्टाघर घर भई वालिङ बस्दै आएका २० वर्षीय भोला चौधरी घाइते भएका जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ । दुर्घट्ना न्युनिकरण गर्न ट्राफिक प्रहरीले चालेको अभियान सवारी दुर्घट्ना बढेसगै सफलता नमिलेको स्थानीयले बताएका छन् ।

# रामवजारमा उद्घोषण तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २० साउन



नेपाल मगर महिला संघ रामवजार पोखराको आयोजना, नेपाल मगर युवा संघ रामवजार इकाई समितिको संयोजनमा नेपाल मगर संघ रामवजार इकाई समितिको भवन रामवजार १५ पोखरामा पाँच दिने उद्घोषण, भाषण तथा नेतृत्व विकास तालिम सम्पन्न भएको छ ।

तालिमको समापन समारोहमा बोल्दै नेपाल मगर संघ रामवजारका संस्थापक अध्यक्ष एवं सल्लाहकार कर्णवहादुर राना मगरले तालिमपछि प्रशिक्षार्थीहरुले निर्धक्क भाषण र कार्यक्रम सञ्चालन गर्न सक्षम भएकोमा खुशी व्यक्त गरे । विशेष अतिथी संस्थापक कोषाध्यक्ष एवं सल्लाहकार क्या.वेन वहादुर आले मगरले यो तालिमले प्रशिक्षार्थीहरुमा सकरात्मक उर्जा भरी अगाडी बढाउन सफल भएको बताए । त्यस्तै नेपाल मगर युवा संघ रामवजार इकाईका अध्यक्ष दिलु विकट्टा मगरले यो तालिम अति प्रभावकारी भएकाले आगामी दिनमा पनि निरन्तरताको आवश्यकता औल्याए । कार्यक्रममा नेपाल मगर संघ रामवजार ईकाइ समितिका कार्यवाहक अध्यक्ष क्या. अमर राना मगर, सचिव रेनु थापा मगर, मगर युवा संघ रामवजार इकाईका निवर्तमान अध्यक्ष ओम विकट्टा मगर ,मगर महिला संघ रामवजारकी पुर्व अध्यक्ष दान कुमारी थापा लगायतकाले मन्तव्य राखेका थिए । कार्यक्रम प्रशिक्षाथीहरु सु.भीम वहादुर थापा मगर ,कल्पना थापा मगर ,सु.महेश कुमार थापा मगर लगायतकाले सञ्चालन गरेका थिए भने प्रशिक्षार्थीहरुले प्रमाणपत्र ग्रहण गर्दै सिकाइका अनुभव सुनाएका थिए । उपाध्यक्ष विष्णु थापा मगरले स्वागत मन्तव्य राखेको समापन कार्यक्रम आयोजक संस्थाका अध्यक्ष लक्ष्मी थापा मगरको अध्यक्षतामा सम्पन्न भएको थियो । कुल ४५ जना सहभागी तालिममा सञ्चारकर्मी गोविन्द थापा सिञ्जालीले सहजीकरण गरेका थिए ।

# पार्टी एक ढिक्का भएको महसुस भएको छ : अध्यक्ष प्रचण्ड

**रासस**
काठमाडौं, २० साउन

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टी एक ढिक्का भएको महसुस भएको बताउनुभएको छ ।

कमलादीस्थित नेपाल प्रज्ञा-प्रतिष्ठानमा शनिबार बसेको पार्टीको केन्द्रीय समितिको बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै अध्यक्ष प्रचण्डले केन्द्रीय समितिको बैठकमा पार्टी अब एक ढिक्का भएको सबैलाई महसुस भएको बताउनुभयो । "जारी बैठकमा लोकतन्त्र तथा जनवादको उच्च अभ्यास भएको छ", उहाँले भन्नुभयो, "पार्टी एक ढिक्का भएको महसुस भएको छ, बैठक वाद, विवाद र संवादमा टुङ्गिएको छ ।"

पार्टी उपाध्यक्ष एवं प्रवक्ता कृष्णबहादुर महराले सबै केन्द्रीय समितिको बोल्ने क्रम लगभग सकिएको जानकारी दिनुभयो । उहाँले बैठकमा केन्द्रीय सदस्यहरुले पार्टी निर्माणका लागि ठोस योजना ल्याउन सुझाव दिएको बताउनुभयो । आजको बैठकमा ७४ जना केन्द्रीय सदस्यले बोल्नुभएको थियो । उपाध्यक्ष महराले बैठकमा बोल्ने केन्द्रीय सदस्यहरुले पार्टीले प्रस्तुत गरेको दस्तावेजको मूलमर्ममा सहमति जनाएको बताउनुभयो ।

"केन्द्रीय सदस्यहरुले सरकारको कामलाई धन्यवाद दिँदै सुशासनको कामलाई अघि बढाउन सुझाव दिनुभयो", उहाँले भन्नुभयो, "पार्टी नेतृत्वको विषयमा छलफल भयो तर अध्यक्ष निर्विकल्प हुनुहुन्छ भन्नेमा सबैको मत रह्यो ।" माओवादी केन्द्रका केन्द्रीय सदस्य रेखा शर्माले सरकारले सुरु गरेको भ्रष्टाचारविरुद्धको अभियानमा पार्टीले आफ्ना पदाधिकारीलाई बचाउने काम नगरेको स्पष्ट पार्नुभयो ।

"प्रधानमन्त्रीले घरकै मान्छे परे पनि छाड्दिन भनिसक्नुभएको छ, मिडियामा आएका आधारमा सबै व्यक्ति छानबिनको घेरामा आइहाल्छ भन्ने हुँदैन", उहाँले भन्नुभयो, "हामीसँग राजस्व अनुसन्धान विभागलगायतका विभिन्न निकायहरु छन्, उनीहरुले आवश्यक छानबिन गरिरहेका छन् ।"

# आँखा पाक्ने रोगबाट बच्न सरसफाइ र सामाजिक दूरी कायम गर्न सुझाव

**रासस**
चितवन, २० साउन

चितवनसहितका जिल्लामा यति बेला आँखा पाक्ने रोग निकै बढेर गएको छ । कतिपय पालिका शिक्षण संस्था बन्द गरेर रोग नियन्त्रणमा जुटेका छन् । चिकित्सकले कोभिड-१९ झैं हातको सरसफाइ, सामाजिक दूरी कायम गर्नसके रोगबाट बच्न सकिने सुझाव दिएका छन् ।

भरतपुर आँखा अस्पतालका आँखा रोग विशेषज्ञ डा कुमुदिनी सुवेदीले आँखा पाक्ने रोग फैलिन नलिन कोभिड-१९ मा जस्तै हातको सरसफाइ र सामाजिक दूरीमा ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले कोभिडको जस्तै समय समयमा हात धुनुपर्छ, हातले आँखा छुनु हुँदैन, सङ्क्रमित बिरामीबाट टाढै रहनुपर्छ ।" आँखा पाक्ने रोग (पिङ्क आई डिजिज) विशेषत वर्षा मौसममा बढी देखिने जनाउँदै उहाँले सामान्यतया भाइरसले नै यो रोग फैल्याउने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "एकै समयमा धेरै जनालाई हुने सरुवा रोगका रुपमा हामीले यसलाई लिएका छौँ ।" यो रोग एकबाट अर्कोमा नजिकको सम्पर्क (क्लोज कन्ट्याक्ट) भएको ठाउँमा सर्ने डा सुवेदीले बताउनुभयो । उहाँले भन्नुभयो, "छात्रावास, विद्यालय, अस्पताल, जेल (कारागार) जहाँ धेरै भीडभाड हुन्छ त्यस्तो ठाउँमा एकबाट अर्कोमा सजिलै सर्ने बढी सम्भावना रहन्छ ।" यो रोग एक जनाबाट अर्कोमा फैलिन २४ घण्टादेखि एक हप्ता जति समय लाग्ने जनाउँदै उहाँले तीन हप्तादेखि कसैकसैलाई एक महिनासम्म पनि दुःख दिने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बिरामी पहिलो पटक हामीकहाँ आउँदा आँखा बिझायो, बिहान उठ्दा आँखा सुनिएको देखियो, आँखा कचेराले टालियो, आँसु बढी आयो, उज्यालोमा हेर्न गाह्रो भयो भन्ने लक्षण लिएर आउनुहुन्छ ।" सुरुमा बिरामीको आँखा हेर्दा बाहिरी कोष सुनिएको, कचेरा लागेको, आँखा रातो भएको देखिने गरेको उहाँको भनाइ छ । आँखा पाक्ने रोगले गम्भीर बनाएको अवस्थामा यसले आँखाको नानी (कर्निया) मा मसिना-मसिना घाउ गराउन सक्ने उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "आँखा पाकेको बिरामी देख्नुभयो भने त्यसबाट स्वस्थ मानिस टाढै बस्नु राम्रो रहन्छ ।" यसबाट बच्नका लागि कालो चस्मा प्रयोग गर्न उहाँको सुझाव छ । उहाँले भन्नुभयो, "चस्माले रोकथाममा सहयोग त पुऱ्याउँछ, तर एकबाट अर्कोमा सर्दैन भन्ने हुँदैन ।"

घरमा कसैलाई आँखा पाक्ने रोग भएको छ भने उहाँबाट टाढै बस्नुपर्ने भन्दै उहाँले थप्नुभयो, "बिरामीले चलाएका सामग्री रुमाल, तौलिया, सिरानीलगायतका सामग्री स्वस्थ मानिसले चलाउन हुँदैन ।" सकभर बिरामीलाई छुट्टै कोठामा राख्दा अझै राम्रो हुने उहाँको सुझाव छ । उहाँले भन्नुभयो, "घरमा एउटै बाथरुम हुन्छ, बिरामीले आँखा पुछेर छोएका बत्तीको स्वीच, ढोकाको ह्याण्डीललगायतका ठाउँमा स्वस्थ मानिसले छोएर आँखामा छोइयो भने यो रोग सर्दछ ।" यो रोग लागेमा अस्पतालमै आएर जचाउन सुझाव दिँदै डा सुवेदीले भन्नुभयो, "परीक्षण नगरी मेडिकलमा गएर औषधि लिनुहुँदैन, मेडिकलमा गएर देखाउँदा आँखा विशेषज्ञले नहेर्न सक्नुहुन्छ ।" कुनै कुनै घटनामा फर्मासिस्टले औषधि दिँदा केही नराम्रो दुर्घटना भएका जनाउँदै उहाँले आँखा पाक्ने रोग लागेपछि विशेषज्ञ चिकित्सकको राय लिएर मात्रै औषधि राख्न सुझाव दिनुभयो ।

# वालिङ क्याम्पसमा-विद्यार्थीको फरकक्षमता खोज्दै स्ववियु

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २० साउन

विद्यार्थीलाई अध्ययनशिल मात्रै होइन सैद्धान्तिक ज्ञान सगै बाह्रय ज्ञान पनि दिनुपर्छ भन्ने उदाहरण स्वतन्त्र विद्यार्थी युनियनले सिकाएको छ ।

स्याङ्जाको वालिङ बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनले नगरस्तरीय हाजिरी जवाफ प्रतियोगिता आयोजना गरेर सैद्धान्तिक ज्ञान मात्रै नभएर बाह्रय ज्ञानमा विद्यार्थीलाई सहभागी गराएको हो ।

वालिङ नगरभित्रका प्लस टु मा अध्ययनरत विद्यार्थीहरुलाई सहभागी गराएर स्ववियुले हाजिरी जवाफ प्रतियोगिता सम्पन्न गरेको छ । अन्य कलेजमा पढ्ने विद्यार्थी र क्याम्पसमा पढ्ने विद्यार्थी विच गहिरो सम्वन्ध बनाउने उदेश्यले हाजिरी जवाफ प्रतियोगिता आयोजना गरेको वालिङ बहुमुखी क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनका कार्यवहाक सभापति युवराज तिवारीले बताए । सैद्धान्तिक ज्ञान मात्रै होइन स्ववियु सभापति तिवारीले भने,'विद्यार्थीलाई बाह्रय ज्ञानमा पनि अध्ययन गराउनुपर्छ ।' दुवै शिक्षामा अध्ययनशिल भयो भने विद्यार्थीलाई फाईदा पुग्छ उनले भने । यस्तो कार्यक्रम स्ववियुले हरेक बर्ष गर्ने तिवारीले प्रतिवद्धता व्यक्त गरे । शुक्रवार सम्पन्न भएको हाजिरी जवाफ प्रतियोगितामा वालिङ बहुमुखी क्याम्पस स्नातक तह पहिलो, वालिङ बहुमुखी क्याम्पस प्लस टु दोस्रो र पुर्णामृत भवानी मावि तेस्रो भएका छन् । प्रथम, दृतिय र तृतिय हुने विद्यार्थीहरुलाई वालिङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तेजराज शर्माले पुरस्कार प्रदान गरेका थिए । प्रतियोगितामा नगरभित्रका १० विद्यालयको सहभागिता रहेको थियो । पुरस्कार वितरण गर्दै प्रमुख प्रशासकीय अधिकृत शर्माले अतिरिक्त क्रियाकलापले विद्यार्थीलाई उर्जा सहित ज्ञान मिल्ने बताए । यस्ता क्रियाकलापहरु समय–समयमा हुनुपर्ने धारणा शर्माको थियो । विद्यार्थीको हकहितका लागि गठित गरिएको स्ववियुले बार्षिक तालिका बनाएर अतिरिक्त क्रियाकलाप गर्न शर्माले आग्रह गरे । कार्यक्रममा वालिङ बहुमुखी क्याम्पस संचालक समितिका अध्यक्ष हुमकान्त कोइराला, कार्यवहाक क्याम्पस प्रमुख युवराज पाठक र क्याम्पस प्रध्यापक संघ इकाईका अध्यक्ष यामबहादुर कुँवरले स्ववियुले आयोजना गरेका राम्रा कार्यक्रमलाई क्याम्पसको पुर्ण सहयोग हुने बताए । कार्यक्रमको अध्यक्षता युवराज तिवारीले र संचालन स्ववियु सचिव राजिन कुँवरले गरेका थिए ।


## श्री सैनिक अस्पताल पोखरा
## फुलबारी ब्यारेक, कास्की

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०४/२१ गते )

१. श्री सैनिक अस्पताल पोखरा, फुलबारी ब्यारेक कास्कीमा अस्पताल भवन, मेडिकल स्टोर तथा अस्पताल परिसरमा सरसफाई गर्नको निमित्त आवश्यक सफाईका सामाग्रीहरु खरिद गर्नको लागि नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक फर्म/संस्था तथा कम्पनीहरुको लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

२. साथै विस्तृत जानकारीको लागि नेपाली सेनाको वेभसाईट www.nepalarmy.mil.np मा हेर्न र यस अस्पतालको नं.०६१-५३३८२३, ईमेल mh-pokhara@nepalarmy.mil.np मा सम्पर्क राख्नु हुन समेत यो सूचना प्रकाशित गरिएको छ ।